# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सुनवर्षी नगरपालिका

### मोरङ




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## सुनवर्षी नगरपालिका
### मोरङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सुनवर्षी नगरपालिका

### मोरङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीवेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय,**
**कोशी प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. १०१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
सुनवर्षी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

**कैफियतसहितको राय**

हामीले सुनवर्षी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ५ लाख १५ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.५४ लाख १३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६६ लाख ७६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७९ लाख ३५ हजार र पेश्की रु. ४ लाख ९१ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.२२ करोड ३९ लाख ८५ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२५ करोड ४७ लाख ४५ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत

आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

## सुनवर्षी नगरपालिका, मोरङ

### १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४१ | १६५ | ४०५१५ | ० | ० | ० | ४१ | १६५ | ४०५१५ | ५४१३ | १७९३५ | १६६७६ | ० | ० | ३४६११ | ४९१ |

### २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ | २२३९८५ | ० | ९७५५ | २१४२३० | ० | ४०५१५ | २५४७४५ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: सुनवर्षी नगरपालिका, मोरङ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रूद्र प्रसाद दुलाल | २०७९-१-११ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Purushottam Ghimire | २०७६-९-२८ | २०७९-१-९ |
| लेखा प्रमुख | देवेन्द्र थापा | २०७६-१२-१८ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४०,५१५,१२५.५५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,५४,३७,८८९.९६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,७५,३६,६२१.०३ | **चालु खर्च** | ३३,५२,२८,५२८.८९ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,२१,१०,६५०.९४ | **पूँजीगत खर्च** | २२,८५,३०,१४७.२३ |
| **राजश्व बाँडफाँट** | ११,४१,६७,०६६.७९ | **वित्तीय/अन्य व्यवस्था** | २०,३१,७०,२४३.८३ |
| **आन्तरिक आय** | २,१९,२६,४२७.९ | | |
| **अन्य आय** | २०,०९,१४,८३९.२८ | | |
| **कुल आय** | ७४,६६,५५,६०५.९४ | **कुल खर्च** | ७६,६९,२८,९१९.९५ |
| **बाँकी मौज्दात** | | ६,५१,६४,५७५.९५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा, १०६.०४ वर्ग किलोमिटर क्षेत्रफल तथा ५० हजार ७५८ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षणः**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुलीः**<br>लेखापरीक्षणको क्रममा बढी भुक्तानी दिएको तलब रु.७२०००/- असुल भई स्थानिय सञ्चित कोष दाखिला भएको र वर्षान्तमा फिर्ता नगरी बाँकी रहेको रु.३१८२६९६/७५ प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ । | |
| ४ | | | **वित्तीय विवरणः**<br>नगरपालिकालाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक लेखामान (NPSAS) बमोजिमका | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | फारमहरु सहितको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७२) उपलब्ध गराउन माँग गरिएकोमा सो अनुसारको विवरण प्राप्त भएको छ । सो अनुसार नगरपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छः | |

| आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७२,४०,१६,४५०.४१ | ५८,८०,१८,७८६.९५ | | ५८,८०,१८,७८६.९५ | ५७,३०,२७,८४९.२२ | | ५७,३०,२७,८४९.२२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६८,६७,२७,६३०.०० | ५६,९३,३३,८७४.५६ | ० | ५६,९३,३३,८७४.५६ | ५५,२९,१३,९०७.७३ | ० | ५५,२९,१३,९०७.७३ |
| ११००० कर | ११ | ११,९५,८१,१३०.०० | १३,६३,३४,२८२.१९ | ० | १३,६३,३४,२८२.१९ | १२,६७,४६,७६२.१८ | ० | १२,६७,४६,७६२.१८ |
| १३००० अनुदान | | ४६,९४,२६,५००.०० | ४१,३५,२३,७७१.९७ | ० | ४१,३५,२३,७७१.९७ | ४१,४०,९५,९८८.०५ | ० | ४१,४०,९५,९८८.०५ |
| संघीय सरकार | १२ | ४२,३५,६०,०००.०० | ३७,७५,३६,६२१.०३ | ० | ३७,७५,३६,६२१.०३ | ३९,३८,३५,५६६.०५ | ० | ३९,३८,३५,५६६.०५ |
| प्रदेश सरकार | १२ | ४,१९,९०,०००.०० | ३,२१,१०,६५०.९४ | ० | ३,२१,१०,६५०.९४ | २,०१,४५,०००.०० | ० | २,०१,४५,०००.०० |
| अन्तरिक श्रोत | | ३८,७६,५००.०० | ३८,७६,५००.०० | ० | ३८,७६,५००.०० | १,१५,४२२.०० | ० | १,१५,४२२.०० |
| १४००० अन्य राजस्व | | ९,७४,२०,०००.०० | १,७३,७६,०२०.३० | ० | १,७३,७६,०२०.३० | १,२०,७१,१५७.५० | ० | १,२०,७१,१५७.५० |
| १५००० विविध प्राप्ति | | ३,००,०००.०० | २०,९९,८००.१० | ० | २०,९९,८००.१० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | ३,७२,८८,८२०.४१ | १,८६,८४,९१२.३९ | | १,८६,८४,९१२.३९ | २,०१,१३,९४१.४९ | | २,०१,१३,९४१.४९ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ३,७२,८८,८२०.४१ | १,०७,४०,४९५.९१ | ० | १,०७,४०,४९५.९१ | १,१२,०६,८८९.७४ | ० | १,१२,०६,८८९.७४ |
| धरौटी | | ० | ७९,४४,४१६.४८ | ० | ७९,४४,४१६.४८ | ८९,०७,०५१.७५ | ० | ८९,०७,०५१.७५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७८,७१,४७,२६४.१५ | ५९,१२,६४,४४८.९५ | | ५९,१२,६४,४४८.९५ | ६०,२३,०९,२४३.३९ | | ६०,२३,०९,२४३.३९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७४,९८,५८,४४३.७४ | ५६,३७,५८,६७६.१२ | | ५६,३७,५८,६७६.१२ | ५८,७४,०९,३३६.७४ | | ५८,७४,०९,३३६.७४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०,३२,३७,६३७.७४ | १८,२७,०४,८७०.४९ | ० | १८,२७,०४,८७०.४९ | १५,३१,१४,३९६.८० | ० | १५,३१,१४,३९६.८० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,६२,५७,६७६.०० | ९,७०,०३,६४७.३२ | ० | ९,७०,०३,६४७.३२ | १०,०५,९७,३८२.६२ | ० | १०,०५,९७,३८२.६२ |
| २५००० सहायता (Subsidy) | १८ | १,३५,८०,०००.०० | १,०५,१८,०३७.०० | ० | १,०५,१८,०३७.०० | २६,२१,५९७.०० | ० | २६,२१,५९७.०० |
| २६००० अनुदान | १८ | ४,०७,७१,०००.०० | २,४१,६५,०७८.५० | ० | २,४१,६५,०७८.५० | ७५,००,०००.०० | ० | ७५,००,०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ३,४७,६८,०००.०० | १,८६,१४,९८८.५८ | ० | १,८६,१४,९८८.५८ | १,२३,२८,८६७.७९ | ० | १,२३,२८,८६७.७९ |
| २८००० अन्य खर्च | १८ | २९,००,०००.०० | २२,२१,९०७.०० | ० | २२,२१,९०७.०० | १,९६,३१,०९८.०१ | ० | १,९६,३१,०९८.०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३२,८३,४४,१३०.०० | २२,८५,३०,१४७.२३ | ० | २२,८५,३०,१४७.२३ | २९,१६,१५,९९४.५२ | ० | २९,१६,१५,९९४.५२ |
| घ. अन्य भूक्तानी | | ३,७२,८८,८२०.४१ | २,७५,०५,७७२.८३ | | २,७५,०५,७७२.८३ | ६०,२३,०९,२४३.३९ | | ६०,२३,०९,२४३.३९ |
| कोषहरु | | ३,७२,८८,८२०.४१ | १,८७,१६,६२५.२२ | ० | १,८७,१६,६२५.२२ | १,२८,७३,९२७.४५ | ० | १,२८,७३,९२७.४५ |
| धरौटी | | ० | ९०,९९,९९३.६१ | ० | ९०,९९,९९३.६१ | २०,२५,९७९.२० | ० | २०,२५,९७९.२० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (३,१०,८४६.००) | | (३,१०,८४६.००) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (६,३१,३०,८१३.७४) | (३२,४५,६६२.००) | | (३२,४५,६६२.००) | (२,९२,८१,३९४.१७) | | (२,९२,८१,३९४.१७) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८,५४,३७,८८९.९६ | | ८,५४,३७,८८९.९६ | १०,४६,४३,०६३.८२ | | १०,४६,४३,०६३.८२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (६,३१,३०,८१३.७४) | ८,२१,९२,२२७.९६ | | ८,२१,९२,२२७.९६ | ७,५३,६१,६६९.६५ | | ७,५३,६१,६६९.६५ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ७,९०,६८,०४०.९६ | | ७,९०,६८,०४०.९६ | ७,५३,६१,६६९.६५ | | ७,५३,६१,६६९.६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **वित्तीय विवरणको यथार्थताः**<br>पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७५३५३६२५/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ६ | | | **बैंक हिसाब मिलान विवरणः**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैंक खातामा स्रेस्ता भन्दा रु. ११३७६४३८/९३ बढी देखिएको छ । बैंक हिसाब मिलान गर्नुपर्ने देखिन्छ । | |

| बैंकको नाम | खाता नं | खाताको प्रकार | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| सिभिल बैंक लि. | ०६९१०१७९०४५१०७ | ग १.१, आन्तरिक राजस्व खाता | ० | ० |
| सिभिल बैंक लि. | ०६९१०१७९०४५११५ | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सिभिल बैंक लि.</td><td>०६९१०१७९०४५१२३</td><td>ग १.३, आन्तरिक अनुदान खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>सिभिल बैंक लि.</td><td>०६९१०१७९०४५०२६</td><td>ग २.१, चालू खर्च खाता- विजोर वर्ष</td><td>०</td><td>१,२९,०९,४६४.२३</td></tr>
<tr><td>सिभिल बैंक लि.</td><td>०६९१०१७९०४५०३४</td><td>ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>०</td><td>४,४८,८६,७८४.९६</td></tr>
<tr><td>सिभिल बैंक लि.</td><td>०६९१०१७९०४५१९८</td><td>ग २.७, विविध खर्च खाता</td><td>३,९२,७००.५७</td><td>५,९७,७००.५७</td></tr>
<tr><td>सिभिल बैंक लि.</td><td>०६९१०१७९०४५०५८</td><td>ग ३.१, स्थानीय तह धरौटी खाता</td><td>१,४०,७३,३८३.७०</td><td>१,४०,७३,३८३.७०</td></tr>
<tr><td>सिभिल बैंक लि.</td><td>०६९१०१७९०४५०१८</td><td>ग ४.१, स्थानीय तह सञ्चित कोष खाता</td><td>६,३७,०६,०१२.१८</td><td>१,७०,८१,२०१.९०</td></tr>
<tr><td>सिभिल बैंक लि.</td><td>०६९१०१७९०४५०६९</td><td>ग ५.१, स्थानीय तह विविध कोष खाता</td><td>०</td><td>०</td></tr>
<tr><td>सिभिल बैंक लि.</td><td>०६९१०१७९०४५१७४</td><td>ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>८,९५,९४४.५१</td><td>८,९५,९४४.५१</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७,९०,६८,०४०.९६</td><td>९,०४,४४,४७९.८७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारीः<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री मन्जु कुमारी राईले २०७८।०३।१० गते रु. ७० करोड ९१ लाख १८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **अवण्डा बजेटः**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ बमोजिम बजेट अनुमान तयार गर्दा अवण्डा नराखी कार्यक्रम र बजेट सहित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले स्थलगत अनुगमनबाट वडागत रुपमा संचालन गरिने कार्यक्रम उल्लेख नगरि वडागत रुपमा निम्नानुसार शीर्षकमा बजेट विनियोजन गरि विभिन्न योजना तथा कार्यक्रममा रकम बाँडफाँड गरि खर्च गरेको देखियो । सभाबाट बजेट स्वीकृत भइसकेपछि प्राप्त बजेट र कार्यक्रम स्वीकृत कार्यविधिको आधारमा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्नुपर्नेमा पटक पटक कार्यपालिका तथा वडा समितिको निर्णयको आधारमा बजेट बाँडफाँड गर्नाले स्थानीय सरकार संचालन ऐनको दफा ७१ को पालना भएको देखिएन । अबण्डा शीर्षकमा बजेट विनियोजन गरि कार्यपालिका तथा वडा समितिको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| खर्च संकेत नं. | खर्च शीर्षक | विनियोजन रकम | खर्च रकम |
|---|---|---|---|
| ३११३५ | पूंजीगत अनुसन्धान तथा परामर्श | ४०,००,०००।- | ३९,९९,९३३।३९ |
| ३११५१ | सुनवर्षी नगरपालिका वडा नं १ को विभिन्न क्षेत्रमा मर्मत सम्भार | २,००,०००।- | २,००,०००।- |
| ३११५१ | वडा नं २ मर्मत सम्भार कोष | २,००,०००।- | १,९७,२५७।- |
| ३११५१ | वडा नं ३ सडक मर्मत सुधार | ५,००,०००।- | ४,९८,७१०।- |
| ३११५१ | वडा नं ४ भित्रका विभिन्न बाटोहरुको निर्माण तथा विकास गर्न | १३,००,०००।- | १३,००,०००।- |
| ३११५१ | सडक मर्मत वडा नं ५ | ८,००,०००।- | ५,०१,६५१।९७ |
| ३११५१ | विभिन्न ग्राभेल बाटोहरु मर्मत वडा नं ६ | ४,००,०००।- | ४,००,०००।- |
| ३११५१ | सडकहरु मर्मत वडा नं ७ | ५,००,०००।- | ४,८२,८१९।- |
| ३११५१ | वडाभित्रका विभिन्न वस्तीहरुको बाटो मर्मत वडा नं ९ | ३,००,०००।- | ३,००,०००।- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **बजेट तथा कार्यक्रमको प्राथमिकिकरणः**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २१९ योजनामा वजेट विनियोजन गरेको छ।<br>(क्र. सं.: १; योजना सङ्ख्या: २१९; रु.२० लाखमाथिका योजना सङ्ख्या: २९; रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या: ४७; रु.५लाखभन्दा कमका योजना सङ्ख्या: १४३)<br>उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । | |
| १० | | | **दिगो विकास लक्ष्यहरुको आन्तरिकिकरणः**<br>दिगो विकास अवधारणा अन्तर्गत तय भएका लक्ष्यहरू (१७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २४४ सूचकहरू) प्राप्तिका लागि नेपालका तीनै तहका सरकार समान रूपले जिम्मेवार छन् । यस पालिकाले आवधिक योजना तयार गरे नगरेको देखियो । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरुलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्नुपर्ने हुन्छ । दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा नहुन सक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालीन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्यांकन गर्ने गर्नु पर्दछ । | |
| ११ | | | **स्थानीय योजना तथा कार्यक्रमः** | |

Nested table (row ९):

| क्र. सं. | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|
| १ | २१९ | २९ | ४७ | १४३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरको सामाजिक, आर्थिक, सांस्कृतिक, मानवीय लगायत समग्र विकासका लागि उपलब्ध सीमित स्रोत साधनको उचित बाँडफाँड गरी अपेक्षित रूपमा प्रतिफल प्राप्त गर्न नगरपालिकाले वार्षिक विकास योजना तर्जुमा गर्नु पर्दछ । यस्तो योजनामा नगरको समग्र विकासका लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता तथा विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, प्राथमिकता, कार्यक्रम र अपेक्षित प्रतिफल स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ । जसले उत्पादनका साधनहरूलाई कम प्राथमिकता प्राप्त क्षेत्रबाट बढी प्राथमिकता प्राप्त क्षेत्रमा र कम उत्पादनशील क्षेत्रबाट बढी उत्पादनशील क्षेत्रमा प्रवाह गरी अधिकतम प्रतिफल प्राप्त गर्ने गरी विकास गतिविधिहरूलाई नियोजित तवरले दिशानिर्देश गर्दछ । नगरपालिकाले वार्षिक रूपमा प्राप्त गर्ने भनी अनुमान गरेको सम्भावित स्रोतलाई क्रियाकलापगत रूपमा बाँडफाँड गरी नगर सभाबाट स्वीकृत गराउने गरेको भएतापनि त्यसको कार्यान्वयनका लागि विकास योजनाको रूपमा रूपान्तरण गर्ने गरेको छैन। वार्षिक बजेट तथा कार्यक्रमलाई वार्षिक नगरविकास योजनाको दस्तावेजको रूपमा तयार गर्ने र सोही अनुरूप कार्यान्वयन एवं समीक्षा गर्ने गर्नु पर्दछ । | |
| १२ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन्:<br>• कार्यालयको श्रेस्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको,<br>• साविकमा रहेका विषयगत कार्यालयहरुको जिम्मामा रहेका सामानहरु हाल पालिकामा एकीकृत गरेको नदेखिएको,<br>• कार्यालयको जिन्सी श्रेस्ता व्यवस्थित र अद्यावधिक नभएको,<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,<br>• रसिद नियन्त्रण खाता नराखेको,<br>• सहकारी संस्थाको तथ्यांक अद्यावधिक नगरेको,<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा नगरेको,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,<br>• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको,<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको,<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार नगरेको तथा अनुगमन नगरेको,<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १३ | | | **ठेक्का गोश्वारा अभिलेखः**<br>ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नुपर्नेमा कार्यालयले लगत राखेको देखिएन । ठेक्कागत अभिलेख खाता र ठेक्का सम्बन्धि गोश्वारा अभिलेख नहुँदा ठेक्का मार्फत भएका निर्माण कार्यको लागत अनुमान देखि कार्य सम्पन्न सम्मका विविध विषयको व्यवस्थित तथा एकिकृत सुचना प्राप्त नहुने भएकोले ठेक्का व्यवस्थापन सम्बन्धि विश्लेषण गर्न सकिएन । ठेक्का व्यवस्थापनलाई व्यवस्थित तथा पारदर्शी बनाउन ठेक्का अभिलेख र ठेक्का सम्बन्धि गोश्वारा लगत तयार गरी राख्नुपर्दछ । | |
| १४ | | | **खरिद अभिलेखः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । कार्यालयले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । नियममा भएको व्यवस्था | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बमोजिमको कागजात संलग्न राखी अभिलेख नराख्दा सम्पूर्ण खरिद कारवाहीको विश्लेषण गर्न सकिएन । नियमावलीको व्यवस्था बमोजिमको कागजात संलग्न राखि अभिलेख राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| १५ | | | **जिन्सी बरबुझारथः**<br>सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५ को दफा १८ मा कर्मचारी वा पदाधिकारी सरुवा वा पदमुक्त भई जाँदा कार्यालयले उपलब्ध गराएका जिन्सी सामग्रीहरु निकायको प्रमुखको रोहवरमा बहालवाला वा सो नभएमा जिन्सी शाखा प्रमुख समक्ष बरबुझारथ गर्नुपर्ने उल्लेख छ । कार्यालयले पदाधिकारीहरु पदमुक्त भई जाँदा जिन्सी सामग्रीहरुको बरबुझारथ गरेको देखिएन । कार्यालयको वडा नं ४ र वडा नं ५ को वडामा रहेको जिन्सी सामानहरुको विवरणमा १/१ थान ल्यापटप पुरानो वडाध्यक्षको नाममा रहेको (वडा नं ४ को विवरणमा ल्यापटपको नाम र मूल्य नखुलेको, वडा नं ५ को एसर आई ५ मूल्य रु.७४०००) देखिएकोले नियमानुसार फिर्ता माग्नुपर्ने देखिन्छ । बरबुझारथ गर्न बाँकी पदाधिकारीहरुको समेत कार्यालयले निजहरुसँग रहेको जिन्सी सामग्री फिर्ता माग गर्नुपर्दछ । | |
| १६ | | | **औषधी खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस आ.व.मा रु.३२,०७,०४७।- को औषधि खरिद गरी भुक्तानी दिएको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः<br>• खरिद गरेका उक्त औषधिको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको ।<br>• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १७ | | | **आन्तरीक लेखापरीक्षणः**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १८ | | | **संगठन तथा व्यवस्थापन सर्वेक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने तथा दफा ८३(१०) मा संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकताको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संगठन संरचनालाई आधार बनाई संगठन संरचना र दरबन्दि विवरण तयारगरी सभामा पेश गरेकोमा मिति २०७९।३।२४ को दशौं नगरसभाले साँगठनिक संरचना तथा १२८ जना कर्मचारीको दरबन्दी स्वीकृत गरेको देखियो । ऐनको व्यवस्था बमोजिम कार्यबोझ तथा राजश्व क्षमता र खर्चको आकार तथा स्रोत विश्लेषण नगरी संगठन संरचना तथा दरबन्दि स्वीकृत गर्दा प्रशासनिक र संचालन खर्चमा नियन्त्रण गर्न नसकिने तथा पालिकाको विकास निर्माण खर्चमा दबाब पर्न सक्ने देखिएकोले कार्यबोझ तथा खर्चको स्रोतको विश्लेषण गरी संगठन तथा दरबन्दी संख्या स्वीकृत गर्नुपर्दछ। | |
| १९ | | | **साविक कार्यालयको सम्पत्ति हस्तान्तरण र अभिलेखः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने उल्लेख छ । यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति, नगरपालिका तथा संघीय विषयगत कार्यालयको सम्पति तथा कोषहरु यस कार्यालयमा हस्तान्तरण गर्नलगाई सोको एकिकृत अद्यावधिक अभिलेख तयार गरेको देखिएन । अद्यावधिक अभिलेख नहुँदा यस कार्यालयमा समाहित भएका साविक कार्यालयको सम्पति हिनामिना तथा नासिने हुँदा साविक कार्यालयबाट हस्तान्तरण भएका तथा हुनुपर्ने सम्पति तथा कोष हरुको अद्यावधिक अभिलेख तयार गर्नुपर्दछ । | |
| २० | | | **सम्पत्ति उपयोग र संरक्षणः**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु तथा सो को अभिलेख राख्नु पर्दछ । | |
| २१ | | | **सरकारी सम्पत्ति व्यवस्थापन प्रणालीः**<br>महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली(PAMS) मा अनिवार्य रुपमा अभिलेखाङ्कन गर्नुपर्नेमा यस आर्थिक वर्षमा कार्यालयले पूर्ण रुपमा प्रणाली प्रयोग गरेको देखिएन । सबै प्रकारको जिन्सी सम्पत्तिको एकिकृत अभिलेख तयार गर्ने तथा सरकारी सम्पत्तिको अभिलेख व्यवस्थित गर्न नेपाल सरकारले अनिवार्य गरेको प्रणाली प्रयोग नगर्दा सम्पत्तिको अभिलेख व्यवस्थित नहुने भएकोले यो प्रणालीको प्रयोग अनिवार्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| २२ | | | **न्यायिक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २२ र यो बर्ष थप भएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ४० गरी कुल ६२ विवाद दर्ता भएकोमा ४० वटा मात्र फस्यौंट भई २२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २३ | | | **बेरुजु अभिलेखः**<br>प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनु पर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालयस्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम म.ले.प. फारम नं.८०१- बेरुजु लगत, म.ले.प. फारम नं.८०२- बेरुजुको कार्यालयगत प्रतिवेदन, म.ले.प. फारम नं.८०५- सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधि नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्थाको पालना गर्न गराउनु तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| २४ | | | **कानून निर्माण एवं कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, २ नियमावली, १ विनियमाली, ९ निर्देशिका, १४ कार्यविधि लगायत ३६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| २५ | | | **चौमासिक प्रगति विवरणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयार गरि सम्बन्धित निकायमा पेश गरेको देखिएन । कार्यालयको पूंजीगत खर्च विश्लेषण गर्दा प्रथम चौमासिकमा १०.६० प्रतिशत, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दोस्रो चौमासिकमा ४६.३० प्रतिशत, तेस्रो चौमासिकमा ४३.१० प्रतिशत र असार महिनामा २०.७६ प्रतिशत खर्च भएको देखिन्छ । चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पन्न नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले असारमा अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरिनु पर्दछ। साथै चौमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ । | |

| शीर्षक | कुल खर्च(रु.हजार) | प्रथम चौमासिक खर्च (रु.हजार) | दोस्रो चौमासिक खर्च (रु.हजार) | तेस्रो चौमासिक खर्च (रु.हजार) | आषाढ महिनाको खर्च (रु.हजार) |
|---|---|---|---|---|---|
| नगरपालिका | १९०१६० | २३३४९ | ९८३५७ | ६८४५४ | २५४५१ |
| संघीय सरकार | २८५९७ | ८७० | ७४५८ | २०२६८ | १७०८२ |
| प्रदेश सरकार | ९७७३ | ० | ० | ९७७३ | ४९१३ |
| जम्मा | २२८५३० | २४२१९ | १०५८१५ | ९८४९६ | ४७४४६ |
| प्रतिशत | १०० | १०.६० | ४६.३० | ४३.१० | २०.७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८० को प्रयोजनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ तर्जुमा गरेको छ । जसमा स्वमूल्याङ्कनमा १० वटा विषयक्षेत्रहरु र प्रत्येक विषयक्षेत्रहरुको ३ वटा मूल्यांकनका तहहरु रहेका छन् । कार्यालयको आर्थिक वर्ष २०७७।७८ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा सबैभन्दा बढि वार्षिक बजेट तथा योजना व्यवस्थापनमा ८१.८२ र सबैभन्दा कम सहकार्य र समन्वय विषयक्षेत्रमा १६.६७ अंक सहित औसतमा ६४.५% अंक प्राप्त गरेको देखियो । स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा समावेश भएका ७०० स्थानीय तहको औसत अंक ५९.११% रहेको । पालिकाले बढि अंक प्राप्त गरेको विषयक्षेत्रहरुको अवस्था कायमै राखि कम अंक प्राप्त भएका विषयक्षेत्रहरुको अवस्थामा सुधार गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>धरौटी फिर्ताः<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ (२) मा कार्यालयले निर्माण लगायत अन्य कार्यको खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्सन मनि फिर्ता भुक्तानी गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायको धरौटी फिर्ता दिँदा कर विवरण पेश गरेको प्रमाण कागजात नलिई धरौटी फिर्ता गरेको देखियो । कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.<br>
<table>
<tr><th>गो.भौ. नं</th><th>मिति</th><th>नाम</th><th>पान नं</th><th>रकम</th></tr>
<tr><td>१४</td><td>२०७८।०८।१९</td><td>आकृति कन्स्ट्रक्सन</td><td>३०४७०९९३५</td><td>२१,४४५।-</td></tr>
<tr><td>१४</td><td></td><td>लक्ष्य कन्स्ट्रक्सन</td><td>६०५२४९१८५</td><td>२१,४४५।-</td></tr>
<tr><td>१५</td><td>२०७८।०८।२०</td><td>बि.एण्ड बि डिप बोरिङ्ग सेवा</td><td>६१०६२१८४४</td><td>२१,३०३।३८</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६४१९३।३८</td></tr>
</table></td><td>६४,१९३.३८</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>धरौटी सदरस्याहाः<br>प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ६६ मा प्रचलित कानूनमा अवधि तोकिएमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नुपर्ने उल्लेख छ । कार्यालयको यस आ.व.को अन्तमा रु.१,४०,७३,३८३।७० मौज्दात रहेको देखिन्छ। नियममा भएको व्यवस्था अनुसार प्रयोजन सकिएको धरौटी सदरस्याहा गरि धरौटि खाता अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>आर्थिक सहयोगः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख भएको छैन । आर्थिक सहायता वितरण सम्वन्धमा मापदण्ड ,सिमा र कार्यविधी नगर परिषदबाट पारित गरी लागु गरेको पनि देखिएन ।आर्थीक सहायता आर्थीक अवस्था कमजोर रहे नरहेको केही आधार बिना सामाजिक सहायतामा सहायता माग गर्नेले पेश गरेको निवेदनमा नगर प्रमुखको तोक आदेश अनुसार यस शिर्षकमा रु. २१३५०००। विजियोजन भएकोमा रु.२१३४८००। रकम खर्च गरेको देखियो ।आर्थिक सहायता वितरण गरिदा</td><td>१५२,५१५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | पलिकाको आन्तरिक आय माथि थप व्ययभार पर्ने भएकोले आर्थिक रुपले विपन्न वर्गको पहिचान गरि यस रकमको सहि सदुपयोग गर्नका लागि मापदण्ड, सिमा र कार्यविधी तयार गरी गर्नुपर्दछ । यसका अतिरिक्त विभिन्न वडाहरुद्धारा वडा सञ्चालन खर्चबाट विभिन्न संघ संस्थालाई निवेदनको आधारमा सहायता वितरण गरेको पाइयो। यस किसिमको सहायता दोहोरो नहुने गरी आर्थीक रुपले विपन्न वर्गले पाउने गरि कार्यविधि तयार गरी खर्च गर्नुपर्नेका साथै देहाय अनुसारको आर्थिक सहयाता वितरण गरिदा विकास निर्माण तथा उत्पादनमुलक कार्यका लागि रकम आभाव हुने भएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्ने देखिएको रु. | |

| गो.भौ. मिति | भुक्तानी विवरण | भुक्तानी लिनेको नाम | रकम |
| --- | --- | --- | --- |
| १४५, ०७८।६।२४ | दशै खर्च | शस्त्र प्रहरी बल, सिकट्टि | १०००० |
| ३१३, ०७८।८।२१ | नेट जडान | शस्त्र प्रहरी बल, सिकट्टि | १८५०० |
| ४६२, ०७८।१०।९ | दिनाभद्री यज्ञ | यज्ञ समिति | ३५००० |
| | झपडतल प्रहरी चौकी खिखिरडागि | सौचालय निर्माण | ५००० |
| | अमर ढल्के जोबन युवा क्लव | | २५००० |
| | प्रहरी चौकी बरडाडा | नेट जडान | १९०१५ |
| | जितिया पर्व व न ८ | | १०००० |
| | सोहारय पर्व | विजय टुडु | १०००० |
| | नेपाल शिक्षक संघ | | १०००० |
| | प्रहरी चौकि अमरदह | र्मम्त | १०००० |
| | | | १५२५१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>२९.१</td><td>सुनवर्षी नगरपालिका</td><td>१,५२,५१५</td></tr></table> | |
| ३० | | | **विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च शिर्षकमा रु. १५२०१७५/- खर्च गरेको देखियो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| ३१ | | | **निजी विद्यालय व्यवस्थापन,शुल्क निर्धारण र अनुगमनः**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २(ज) मा आधारभुत र माध्यमिक शिक्षा सम्बन्धी पालिकाको काम,कर्तव्य र अधिकार अन्तर्गत संस्थागत विद्यालयको अनुमति,सञ्चालन,व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले संस्थागत विद्यालयको व्यवस्थापन,अनुगमन सम्बन्धमा मापदण्ड तथा शुल्क निर्धारण गरी अनुगमन गरेको देखिएन । नियमानुसार मापदण्ड बनाउनुपर्ने र शुल्क निर्धारण गरि त्यसको कार्यान्वयनको अनुगमन गरि प्रतिवेदन सार्वजनिक गरिनुपर्दछ । | |
| ३२ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः**<br>नेपालको संविधानको अनुसूचि-८ मा आधारभुत र माध्यमिक शिक्षा स्थानीय सरकारको अधिकार अन्तर्गत पर्ने उल्लेख छ । यसै अनुरुप स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) मा स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, शिक्षा सम्बन्धि नीति, योजना तथा मापदण्ड बनाई विद्यालय सञ्चालनमा सहजिकरण गर्ने तथा मापदण्ड बनाई विद्यालय सञ्चालनमा सहजिकरण गर्ने तथा मापदण्ड पालना भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था छ । सामुदायिक विद्यालयको शैक्षिक तथा भौतिक गुणस्तर अभिवृद्धि गर्नका लागि शिक्षा क्षेत्रमा संघीय सरकार देखि स्थानीय सरकारले समेत ठुलो रकम लगानी गरेको छ । संस्थागत विद्यालयको तुलनामा अधिकांश सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अझैपनि कमजोर रहेको वर्तमान समयमा पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड बनाएको देखिएन । नियमानुसार मापदण्ड बनाई मापदण्ड बमोजिम अनुगमन,मूल्याङ्कन | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरि,अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ । साथै अनुगमन मूल्याङ्कनको क्रममा शैक्षिक गुणस्तर कमजोर देखिएका विद्यालयको गुणस्तर अभिवृद्धि गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>पेश्की बाँकीः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने र फस्यौंट गर्ने कार्यविधि सम्बन्धमा उल्लेख गरेको छ । पालिकाले निम्नानुसार पेश्की दिएको रकम रु.८७८३२००/- आर्थिक वर्षको अन्त्य सम्मपनि फस्यौंट नभई वांकी रहेको देखियो। पेश्की रकम नियमानुसार फस्यौंट गर्नुपर्दछ । म्याद नाघेको पेश्की रु.
<table>
<tr><th>सि.नं.</th><th>मिति</th><th>नाम</th><th>प्रयोजन</th><th>खर्च उपशीर्षक</th><th>पेश्की रकम</th><th>म्याद नाघेको पेश्की रकम</th></tr>
<tr><td>५</td><td>०६/०८/२०७८</td><td>पिहू एण्ड राज कन्स्ट्रक्सन प्रा.लि.</td><td>वडा नं. १ को वडा कार्यालय भवन निर्माण</td><td>३१११२</td><td>३५००००</td><td></td></tr>
<tr><td>६</td><td>०८/१९/२०७८</td><td>भुमि-ए.एस जे/भी</td><td>वरडंगा - सिक्टी बोर्डर रोड</td><td>३११५१</td><td>१७५५६००</td><td></td></tr>
<tr><td>७</td><td>१२/२९/२०७८</td><td>धुलिखेल । बेल्टार जे.भि.</td><td>सिंचाईका लागि विद्युत विस्तार</td><td>३११५५</td><td>१४१५५००</td><td></td></tr>
<tr><td>८</td><td>०१/०५/२०७९</td><td>धुलिखेल । बेल्टार जे.भि.</td><td>सिंचाईका लागि विद्युत विस्तार</td><td>३११५५</td><td>१४१५५००</td><td></td></tr>
<tr><td>९</td><td>०२/१९/२०७९</td><td>ड्रागन । निशान । आर के जे.भि.</td><td>कोल्ड स्टोर निर्माण</td><td>३१११२</td><td>१६०००००</td><td></td></tr>
<tr><td>१०</td><td>०३/०३/२०७९</td><td>भुमि-ए.एस जे/भी</td><td>वरडंगा - सिक्टी बोर्डर रोड</td><td>३११५१</td><td>१७५५६००</td><td></td></tr>
<tr><td>११</td><td>०९/२८/२०७८</td><td>अमदह ढल्के जोबन युवा क्लब</td><td>ढल्के जोवन गोल्डकप</td><td>२२५२२</td><td>२९१०००</td><td>२९१०००</td></tr>
</table></td><td>४९१,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | ११/२३/२०७८ | अमरदह ढल्के जोवन युवा क्लब | ढल्के जोवन चौथो अन्तराष्ट्रिय आमन्त्रण गोल्डकप फुटवल प्रतियोगिता | २२५२२ | २००००० | २००००० |
| जम्मा | | | | | ८७८३२००/- | ४९१०००/- |

</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>

**राजस्व अनुमान र असुली विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५५,५७,५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर,घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल र विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा यस पालिकाको आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः

| आय शीर्षक | अनुमान(रु.हजार) | असुली (रु.हजार) | असुली प्रतिशत |
|---|---|---|---|
| ११।३१ सम्पत्ति,बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | २०० | - | - |
| ११३१४ भुमिकर/मालपोत कर | ८००० | ४२५९।७६ | ५३।२४ |
| ११३२१ घरबहाल कर | ५०० | ११४१।०१ | २२८।२० |
| ११६९१ अन्य कर | ५०० | ५१२।३९ | १०२।४७ |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | ३८७६ | - | |
| १४१५१ सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १२५ | ०।५ | ०।४० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ४०० | ९८७ | २४६।७५ |
| १४२२१ न्यायिक दस्तुर | ५० | ६।९७ | १३।९४ |
| १४२४२ नक्सापास दस्तुर | ५०० | ३२१।९३ | ६४।३९ |

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
| ७२ | | | **सीमान्तकृत महिलाहरुका लागि बिउपूंजी अनुदानः** <br> विपन्न,दलित, जनजाति र सीमान्तीकृत महिलाहरुका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम (सञ्चालन) मार्गदर्शन,२०७८ को व्यवस्था अनुसार पालिकाले बाखपालन व्यवसाय सञ्चालन गर्नको लागि वडा नं.४ को शुभकामना महिला समुहलाई रु.४,५०,०००।- बिउपूँजी अनुदान उपलब्ध गराउने र समूहले बिउपूँजी वापतको रकमबाट व्यवसाय सुरु गरेको दोस्रो वर्षदेखि रु.४५००००।-को पाँच प्रतिशतका दरले हुन आउने रु.२२५००।- पाँच वर्षसम्म पालिकाको राजस्व खातामा जम्मा गर्ने सम्झौता बमोजिम रु.३,२२,०००।- बिउपूँजी अनुदान उपलब्ध गराएको देखिन्छ । बाँकी बिउपूँजी रकम समयमा उपलब्ध गराई मार्गदर्शन बमोजिम अनुदान उपयोगिताको नियमित अनुगमन गर्नुपर्दछ । | |
| ७३ | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः** <br> सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ को दफा ५(७ र ८) बमोजिम प्रथम किस्ता वापत प्राप्त रकम लाभग्राहीले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता वापत को रकम उपलब्ध गराउने व्यवस्था छ । सोही कार्यविधिको दफा ६ मा जुन प्रयोजनका लागि अनुदान रकम उपलब्ध गारईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम असुल गर्ने उल्लेख छ । पालिकाले यस कार्यक्रम अन्तर्गत देहायबमोजिमको वडा मा प्रथम किस्ता वापतको रकम भुक्तानी दिएको देखियो । सो रकम कार्यविधि अनुसार जुन प्रयोजनका लागि प्रदान गरिएको हो सोही प्रयोजनमा खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु. | ५,१९०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>वडा नं</th><th>संख्या</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१</td><td>३०,०००।-</td><td>३०,०००।-</td></tr>
<tr><td>२</td><td>३</td><td>३०,०००।-</td><td>९०,०००।-</td></tr>
<tr><td>५</td><td>४१</td><td>३०,०००।-</td><td>१२,३०,०००।-</td></tr>
<tr><td>६</td><td>२५</td><td>३०,०००।-</td><td>७,५०,०००।-</td></tr>
<tr><td>७</td><td>३७</td><td>३०,०००।-</td><td>११,१०,०००।-</td></tr>
<tr><td>८</td><td>२९</td><td>३०,०००।-</td><td>८,७०,०००।-</td></tr>
<tr><td>९</td><td>३७</td><td>३०,०००।-</td><td>११,१०,०००।-</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५१,९०,०००।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७४</td><td>53</td><td>२०७९-३-२५</td><td>सम्झौता भन्दा बढी भुक्तानीः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१(झ) मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा स्वीकृत लागत र खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको एकिन गरि खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम अन्तर्गत ३१ जना प्रशिक्षार्थीलाई ७ दिने क्रिस्टल बनाउने तालिम सञ्चालनका लागि गौरीभक्त होटल म्यानेजमेन्ट एण्ड प्राविधिक तालिम प्रा.लि.सँग रु.२२९०००।- मा सम्झौता गरेको देखिन्छ । गौरीभक्त होटल म्यानेजमेन्ट एण्ड प्राविधिक तालिम प्रा.लि ले ३१ जना प्रशिक्षार्थीलाई तालिम सञ्चालन गरे वापत मिति २०७९।०३।२३ विल नं ५८,रु.३२९०००।- को विल पेश गरेकोमा सोही बमोजिम भुक्तानी भएको देखिन्छ । तालिम सञ्चालनको लागि सम्झौता भन्दा बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.</td><td>१००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७५ | | | **सामाजिक सुरक्षा भत्ताः**<br>**लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरि स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरि अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक गरेको देखिएन ।<br><br>**पारदर्शिता र जवाफदेहिताः** कार्यविधिको परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेमा सोको पालना गरेको पाइएन र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेमा अन्तिम त्रैमासिकको विवरण वेभसाइटमा राखेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढंगबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ । सार्वजनिक सुनुवाईः स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाइ गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई गरेको पाइएन ।<br><br>**लगत कट्टा गर्नेः** कार्यविधिको दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छ । साथै सामाजिक सुरक्षा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा आ.व. २०७८।७९ मा लगत कट्टाको विवरण माग भएकोमा प्राप्त नभएको । लगत कट्टाको स्पष्ट अभिलेख प्राप्त नभएकोले लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छ/छैन भनि यकिन गर्न सकिएन ।<br><br>**निस्कृय खाताः** कार्यविधिको दफा २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीका नाममा निजको उपस्थिति विना शून्य मौज्दातमा वचत खाता खोल्नुपर्ने र यसरी खोलिएको खाता सम्बन्धित लाभग्राहीले आवश्यक कागजात पेश गरेपछि क्रियाशील हुने उल्लेख छ । साथै खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा सो विवरण माग गर्दा वडा नं.६,७,८ र ९को सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सिभिल बैंकको Ref No: Cibl/sunb/014/79/80 मिति २०७९।०९।०१ को अनुसार सो बैंकमा सामाजिक सुरक्षा भत्ताको डमी खाता नभएको भन्ने पत्र प्राप्त भएको । अन्य बैंकहरुबाट विवरण प्राप्त नभएकोले पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्नाही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।<br><br>**एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरणः** कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **बैंकसँगको हिसावमिलानः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोवार बन्द गर्नुपर्ने र आर्थिक कारोवार बन्द गरेपछि प्रचलित कानून बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैंक सँगको हिसाब मिलान गरी बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने उल्लेख छ । सोहि कार्यविधिको दफा नं. २४(६) मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा गरिसकेपछि भत्ता वितरणको विवरण बैंकबाट प्राप्त गर्नुपर्ने व्यवस्था भएकोमा प्राप्त विवरण बमोजिम पालिकाले बैंकसँग हिसाबमिलान गरेको देखिएन। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले च.नं. २९४ मिति २०७९/५/१२ मा सबै स्थानीयलाई गरेको परिपत्रमा लाभग्राहीको खातामा जम्मा भइसकेको रकम लगत कट्टा भएको अवस्थामा बाहेक फिर्ता गर्न नमिल्ने र लाभग्राहीले आफ्नो बैंक खातामा रहेको रकम जुनसुकै अनुकूल समयमा निकाल्न सक्ने उल्लेख गरेको देखियो । सामाजिक सुरक्षा भत्ता वितरणको लागि यस आ.व.मा रु.२६,४५,७७,९४३।- देहायका बैंकलाई निकासा दिएकोमा लाभग्राहीलाई वितरणगरी बाँकि रकम रु.२६०६५२४/७० विभिन्न मितिमा फिर्ता गरेको देखियो । बैंकहरुलाई निकासा दिएको रकम भन्दा VERSP- MIS विवरणमा निम्नानुसार घटी रकम लाभग्राहीको खातामा जम्मा भएको देखिएकोले रकम जम्मा हुन बाँकी लाभग्राही यकिन र दाखिला गर्न लगाई बाँकि रकम फिर्ता माग गरी हिसाब मिलान गर्नुपर्दछ । | |

| बैंकको नाम | वडा नं | निकासा रकम | VERSP-MIS अनुसार लाभग्राहीको खातामा जम्मा भएको रकम | फिर्ता गर्नुपर्ने रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|---|
| मितेरी डेभलपमेन्ट बैंक लि. | १,२ र ३ | ४,६९,०५,८९०।- | ४,६५,१५,५०३।- | ३,९०,३८७।- | ४,०९,४९५।-(लगत कट्टा गरेका लाभग्राहीको समेत) | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सेन्चुरी कमर्सियल बैंक लि.</td><td>४ र ५</td><td>४,२९,५३,४५१।-</td><td>४,२९,२७,८५५।-</td><td>२५,५९६।-</td><td>८६,६७१।३२(लगत कट्टा गरेका लाभग्राहीको समेत)</td><td></td></tr>
<tr><td>सिभिल बैंक लि.</td><td>६,७, ८ र ९</td><td>८,५४,९४,२८४।-</td><td>८,१५,७६,२९८।-</td><td>३९,१७,९८६।-</td><td>२१,१०,३५८।३८</td><td>१८०७६२७।६२(लगत कट्टा गरेको लाभग्राहीहरुको रकम बाहेक)</td></tr>
<tr><td>जम्मा निकासा</td><td></td><td>१७,५३,५३,६२५।-</td><td>१७,१०,१९,६५६।-</td><td>४३,३३,९६९।-</td><td>२६०६५२४/७०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>समान नागरिकता नंः<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धि सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह, विभाग र बैंक तथा वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ । उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने प्राथमिक जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ । नमुना परीक्षण गरी हेर्दा भत्ता वितरण गरिएका लाभग्राहीको नाम र नागरिकता नम्बर एउटै उल्लेख गरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको देखियो । के कसरी नागरिकता नम्बर समान भएको पालिकाबाट यकिन गरिनुपर्दछ र फरक व्यक्ति भएमा प्रमाण पेश गर्नुपर्ने, एउटै व्यक्ति भएमा असुल गरी संघीय सञ्चित कोषमा रकम जम्मा गर्नुपर्दछ। साथै अन्य वडाहरुको समेत पालिकाले परीक्षण गरी लाभग्राहीको विवरण अद्यावधिक गरी भत्ता वितरण गर्नुपर्ने रु.</td><td>१५९,८९०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| सि.नं. | सामाजिक सुरक्षा भत्ता किसिम | लाभग्राही नं | नाम | बाबुको नाम | वडा नं | नागरिकता नं | जन्म मिति | भत्ता | दोहोरो भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | २००८०८०५०४४८४ | गुंगी देवी केवरत | राधा लाल केवरत | ४ | २८०३९०३५ | २००८।०८।०५ | १२००० दोस्रो देखि चौथो त्रैमासिक सम्म | ३६०००।- |
| २ | ज्येष्ठ नागरिक | २००८०८०५०५८३८ | गुन्जी देवी केवरत | राधा लाल केवरत | ४ | २८०३९०३५ | २००८।०८।०५ | १२००० दोस्रो देखि चौथो त्रैमासिक सम्म | |
| ३ | विधवा | २०३१०२०९०००६७ | शुशिला कुमारी यादव | उल्लेख नभएको | ४ | २६२८९ | २०३१।०२।०९ | ७९८०।-सम्पुर्ण त्रैमासिक | ३१९२०।- |
| ४ | विधवा | २०३१०२०९०००७५ | शुशिला कुमारी यादव | उल्लेख नभएको | ४ | २६२८९ | २०३१।०२।०९ | ७९८०।- सम्पुर्ण त्रैमासिक | |
| ५ | ज्येष्ठ नागरिक | २००७०१२५०१९०७ | मिरा देवी शिवाकोटी | छत्र ब.शिवाकोटी | ४ | ६९४९९११ | २००७।०१।२५ | १२०००।-सम्पुर्ण त्रैमासिक | ४८०००।- |
| ६ | ज्येष्ठ नागरिक | २००७०१२५०२८९७ | मिरा देवी शिवाकोटी | छत्र ब.शिवाकोटी | ४ | ६९४९९११ | २००७।०१।२५ | १२०००।-सम्पुर्ण त्रैमासिक | |
| ७ | ज्येष्ठ नागरिक | २००५११०५०१९८५ | शुकदेव केवरत | कुन्जिलाल केवरत | ४ | ७३२३१ | २००५।११।०५ | १२०००।-चौथो त्रैमासिक | ८०००।- |
| ८ | ज्येष्ठ नागरिक | २००५११०५०५७०५ | शुकदेव केवरत | कुन्जिलाल केवरत | ४ | ७३२३१ | २००५।११।०५ | ८०००।- चौथो त्रैमासिक | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>ज्येष्ठ नागरिक</td><td>२००८०२०५०६४७४</td><td>चन्द्र प्रसाद राजवंशी</td><td>सोहावत राजवंशी</td><td>४</td><td>२१८३</td><td>२००८।२।५</td><td>१२०००।- दोस्रो त्रैमासिक</td><td rowspan="2">१२०००।-</td></tr>
<tr><td>१०</td><td>ज्येष्ठ नागारिक</td><td>२००७०२०५०६३८५</td><td>चन्द्र प्रसाद राजवंशी</td><td>सोहावत राजवंशी</td><td></td><td>२१८३</td><td>२००७।२।५</td><td>१२०००।-दोस्रो त्रैमासिक</td></tr>
<tr><td>११</td><td>अति अशक्त अपांगता</td><td>२०२३१२३०२२७९४</td><td>Juwanka Sahani</td><td></td><td>९</td><td>३९३७५०</td><td></td><td>६३८४।-चौथो त्रैमासिक</td><td rowspan="2">११९७०</td></tr>
<tr><td>१२</td><td>पूर्ण अपांगता</td><td>२०२३१२३०२३२५१</td><td>Juwanka Sahani</td><td></td><td>९</td><td>३९३७५०</td><td>२०२३।१२।३०</td><td>११९७०।-</td></tr>
<tr><td>१३</td><td>ज्येष्ठ नागरिक</td><td>२००७१२३००६५०७</td><td>Dhakani Devi Gangai</td><td>उल्लेख नभएको</td><td>९</td><td>२८७८</td><td>२००७।१२।३०</td><td>१२०००।-चौथो त्रैमासिक</td><td rowspan="2">१२०००।-</td></tr>
<tr><td>१४</td><td>ज्येष्ठ नागरिक</td><td>२००७१२३००६८६१</td><td>Thakani Devi saha</td><td>उल्लेख नभएको</td><td>९</td><td>२८७८</td><td>२००७।१२।३०</td><td>१२०००।-चौथो त्रैमासिक</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता बढी भुक्तानीः<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको दफा १५ अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने व्यवस्था गरेको छ । नमुना छनौट गर्दा बढी लाभग्राही भएका वडाहरु वडा नं. ४ र ९ को परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीहरुको मृत्यु पश्चात पनि निकासा भएको पाइएकोले त्यस्तो निकासा भएको रकम फिर्ता माग गरिसकेको भएमा प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बैंकबाट फिर्ता माग गरी तथा वितरण भएको पाईएमा बुझिलिनेबाट असुल गरि संघीय सञ्चितकोषमा जम्मा गर्नुपर्दछ । अन्य वडाहरुको हकमा पालिका आफैंले परीक्षण गरी बढी भुक्तानी भएको रकम असुल गरी संघीय सञ्चितकोषमा जम्मा गर्नुपर्दछ ।</td><td>२४५,५९१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (नेस्टेड तालिका तल) | |

| लाभग्राही नं | लाभग्राहीको नाम | सामाजिक सुरक्षा भत्ता प्रकार | नागरिकता नं/जारी मिति | विवरण | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| वडा नं. ४ | | | | | | |
| २००४१२३०१५६३८ | मदिना खातुन | ज्येष्ठ नागरिक | ५३००१/२१४ मोरङ | मिति २०७८।०५।०५ मा मृत्यु भएकोमा एक वर्षको पुरै भुक्तानी | ४३३३३।- | |
| २००११०८००२१२ | साउदा देवी राजवंशी | ज्येष्ठ नागरिक | ४०१६९ | २०७८।०७।२० मा मृत्यु दोस्रो त्रैमासिक पुरै भुक्तानी | १०६६६।- | |
| २०१५१२३००६२९४ | भद्र कुमारी राजवंशी | ज्येष्ठ नागरिक एकल महिला | ४१७२०४५ | २०७८।०५।१६ मा मृत्यु भएकोमा सम्पुर्ण त्रैमासिकको भुक्तानी | २७८४१।- | |
| २०३५१००५०१९८४ | चिचनि देवी यादव | विधवा | ५३००१-२८० मोरङ | मिति २०७८।०८।०९ मा मृत्यु सम्पुर्ण त्रैमासिक भुक्तानी | १५९६०।- | |
| २०१६०१०९००३४२ | सरस्वती देवी गोडी | ज्येष्ठ नागरिक एकल महिला | ०५-०२-७५-००९४८ | मृत्यु मिति २०७८।०८।१५ सम्पुर्ण त्रैमासिक भुक्तानी | १९९५०।- | |
| २०१५१०१७०१३३८ | उर्मिला देवी केवरत | ज्येष्ठ नागरिक एकल महिला | ५२०७४, २०३६।१०।१७ | २०७८।०९।२८ मा मृत्यु भएकोमा चौथो त्रैमासिकसम्म भुक्तानी | १६१३७।- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. ९ | | | | | | |
| १९९४१२३०१८१५५ | अजनसिया रिसिदेव | ज्येष्ठ नागरिक | ३०६ | २०७८।०४।०४ मा मृत्यु प्रथम त्रैमासिक पुरै भुक्तानी | ११४६६।- | |
| २००३१२३२६०९२१ | जितुलाल केवरत | ज्येष्ठ नागरिक | ३२९२२ | २०७८।०४।२८ मा मृत्यु भएकोमा प्रथम त्रैमासिक पुरै भुक्तानी | ८२६६।- | |
| २००५०९१७०१९९२ | गौरलाल साह | ज्येष्ठ नागरिक | ३२६३२०३५ | २०७८।०६।०२ मृत्यु प्रथम त्रैमासिक पुरै भुक्तानी | ३७३३।- | |
| १९९३१२३०१५४४३ | दसनी देवी तेलिन | ज्येष्ठ नागरिक | ७९०३०९०९ | २०७८।०६।०३मा मृत्यु प्रथम त्रैमासिक पुरै भुक्तानी | ३६००।- | |
| २००००९१०००३२१ | भुलिया देवी कमर | ज्येष्ठ नागरिक | ३३१७६०३ अन्य विवरण उल्लेख नगरेकोले भिडान गर्न नसकिएको | २०७८।०७।३० मा मृत्यु भएकोमा सम्पुर्ण त्रैमासिकको भुक्तानी | ३२०००।- | |
| २००३१२३००८२१३ | मखेन देवी सहनी | ज्येष्ठ नागरिक | ना प्र नं उल्लेख नगरेको | मृत्यु मिति २०७८।०९।२८ चौथो त्रैमासिक सम्म पुरै भुक्तानी | २४२६६।- | |
| २०२४१०१५००९६३ | दयावती देवी कुम्हार | विधवा | ०५३०१९।१९ | २०७८।०४।१० मा मृत्यु सम्पुर्ण त्रैमासिकको भुक्तानी | २८३७३।- | |
| | जम्मा | | | | २४५५९१।- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **कार्यविधि विपरित खर्चः**<br>कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधिको दफा ७ तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ३० र ३१ मा आयोजनाको तर्जुमा तथा स्वीकृतिमा यस कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरु स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गरी स्वीकृति भएको हुनुपर्ने उल्लेख छ ।दफा ४ (२) मा आयोजना छनौटको क्षेत्र उल्लेख छ । पालिकाले यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आयोजनाहरु वार्षिक कार्यक्रममा समावेश गरि स्वीकृत गरेतापनि स्वीकृत आयोजना पूर्ण सञ्चालन नगरी अन्य कार्यमा र कार्यविधिले उल्लेख नगरेको क्षेत्रमा समेत यस कार्यक्रमबाट खर्च लेखेको देखियो ।यस सम्बन्धमा वडाको सिफारिस अनुसार स्थानीय निर्देशक समिति मार्फत स्वीकृतिका लागि कार्यपालिकामा पेश गरि स्वीकृत गरेको नदेखिएकोले देहायबमोजिमका आयोजनामा गरेको खर्च रकम नियमसम्मत नदेखिएको रु. | ३९४,८०२.६ |

| क्र.सं. | आयोजनाको नाम | वडा नं | खर्च रकम |
|---|---|---|---|
| १ | महाराजथानमा रङ्ग लगाउने कार्य | ३ | ६,९२४।- |
| २ | वडा नं.५ कार्यालय सरसफाई | ५ | ११,५४०।- |
| ३ | नगरपालिकाको स्टोर रुमको सामान माथिल्लो तल्लामा सार्ने कार्य | ९ | २३,०८०।- |
| ४ | वडा नं.२ कार्यालय सरसफाई | २ | ३,४६२।- |
| ५ | वडा नं.३ अगाडि बाँस काटि घेराबार लाउने कार्य | ३ | ५,७७०।- |
| ६ | अमरदह बजारको बाटो नाला र ढल्के जोवन फुटवल प्रतियोगितामा दैनिक सरसफाई र म्यानेजमेन्टमा सघाउने | २ | १,२१,१७०।- |
| ७ | अमरदहको स्कुलको कम्पाउण्ड सरसफाई | २ | १३,१२६।७५ |
| ८ | वडा नं.७ कार्यालयको भवन सडक र विद्यालयको सरसफाई | ७ | ४६,१६०।- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>वडा नं.३ कार्यालय सरसफाई</td><td>३</td><td>८,०७८।-</td></tr>
<tr><td>१०</td><td>श्री माद्यमिक विद्यालय सरसफाई कार्य</td><td></td><td>५,७७०।-</td></tr>
<tr><td>११</td><td>वडा नं ७ को पुलिस चौकीमा सरसफाई</td><td>७</td><td>५,७७०।-</td></tr>
<tr><td>१२</td><td>खानेपानी ट्याङ्किको घरको छतमा जमेको पानि निकासी कार्य</td><td></td><td>२,८८५।-</td></tr>
<tr><td>१३</td><td>खानेपानी ट्याङ्कीको छेउमा जमेको पानि निकाल्न नाला खन्ने कार्य</td><td></td><td>८०,०४१।१६</td></tr>
<tr><td>१४</td><td>वडा कार्यालय देखि पाइप विछ्याउन खनेको खाल्टो पुर्ने कार्य</td><td>७</td><td>४५,४३८।७५</td></tr>
<tr><td>१५</td><td>वडा नं.३ कार्यालय अगाडी स्टेप्स बनाउने कार्य</td><td>३</td><td>९,३१२।०६</td></tr>
<tr><td>१६</td><td>रत्न आधारभुत विद्यालयको कम्पाउण्डको खाल्टोमा माटो पुर्ने कार्य</td><td>३</td><td>३,९६६।८८</td></tr>
<tr><td>१७</td><td>गिरदलियाको शिव मन्दिर सरसफाई</td><td>२</td><td>२३०८।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३९४८०२।६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः<br>मुलुकभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउने तथा सबैको लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उदेश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस कार्यक्रमका लागि प्राप्त बजेट स्थानीय तहभित्रका सडकको सरसफाई, वडा कार्यालयको सरसफाई, पैनि सरसफाई, नाला निर्माण तथा मर्मत सम्भार लगायतका कार्यक्रम सञ्चालनमा खर्च गरेको छ । रोजगार कार्यक्रममा आबद्ध हुनका लागि ७२३ जना सूचिकृत भएकोमा १७८ जनालाई रोजगारी प्रदान गरेको देखियो । सबै वडामा कार्यक्रम संचालन भएको देखिएन । संचालित कार्यक्रममा दैनिक रु.५७७।- को दरले १२९८४ दिन रोजगारी प्रदान गरी रु.७४,९१,७६८।- खर्च गरेको देखियो । उक्त खर्चबाट लक्षित वर्गमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगोपन तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। यस सम्बन्धि देखिएका अन्य व्यहोराहरु निम्नानुसार छन्:<br>• कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०७७ को दफा ५(३) मा आयोजनाबाट सिर्जना हुने रोजगारीमा बेरोजगार व्यक्तिको सूचीको पहिलो प्राथमिकताक्रममा रहेका व्यक्तिलाई एक सय दिनको रोजगारीको सुनिश्चितता गरिसके पछि क्रमशः तल्लो प्राथमिकताक्रमको बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारीमा खटाउनु पर्ने उल्लेख छ । पालिकाको वडामा सञ्चालन भएको आयोजनामा सम्बन्धित वडाको बेरोजगार व्यक्तिलाई रोजगार व्यवस्थापन सूचना प्रणालीको सूचीकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम निर्धारण सूची अनुसार रोजगारीमा खटाएको देखिएन । बेरोजगारको प्राथमिकिकरण सूची बमोजिम प्राथमिकताका आधारमा सबैलाई रोजगारी दिने व्यवस्था मिलाउनु पर्दछ।<br>• प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिकाको दफा १८(४) मा रोजगार सेवा केन्द्रले पहिचान गरी सूचीकृत गरेको बेरोजगार व्यक्तिहरुलाई काममा खटाउनुपूर्व अनुसूची २ बमजिमको लाभग्राही परिचयपत्र वितरण गर्नुपर्नेमा सो गरेको देखिएन ।<br>• कार्यविधिको दफा २० मा स्थानीय तहले बेरोजगार सूचिकरणको विवरण, श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले सार्वजनिक परीक्षण गराएको देखिएन ।<br>• कार्यविधिको दफा १६मा, युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ९९ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिकाको निर्देशन नं ७३ मा आयोजनाको अनुगमन,मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धमा उल्लेख गरेको छ । कार्यालयले आयोजनाहरु सञ्चालनको क्रममा सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको देखिएन। सञ्चालित आयोजनाहरुको समयमै प्रभावकारी रुपमा कार्यान्वयनका लागि कार्यविधि तथा निर्देशिकाले तोकेअनुसार नियमित रुपमा सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ८१ | | | **हाते ट्याक्टर खरिद तथा वितरणः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान खरिद गर्नु अघि त्यससम्बन्धी स्पेसिफिकेसन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा दश लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने उल्लेख छ । कार्यालयले ५० प्रतिशत अनुदानमा | १,२५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १० वटा कृषक समुहलाई वितरण गर्न खरिद गरिने हाते ट्रयाक्टरको स्पेशिफिकेशन तथा प्रति इकाइ लागत मूल्य रु.२५००००/- स्वीकृत गरी कृषकसमुहलाई नै खरिद गर्न आदेश दिएको देखियो । कृषकहरुले छुट्टा छुट्टा रु.२५००००/- का दरले रसना ट्रयाक्टर स्पेयर्स विराटनगरबाट खरिद गरेको जम्मा रु.२५०००००/- को विलको आधारमा कार्यालयले रु.१२५००००/- भुक्तानी खर्च लेखेकोमा उक्त पावर टिलरको प्राविधिक परीक्षण प्रतिवेदनमा स्पेशिफिकेसन बमोजिमका एक वर्षको वारेन्टि नभएको उल्लेख गरेको देखियो । नियमावलीमा तोकिए भन्दा बढी रकमको सोझै खरिद गरेका साथै स्वीकृत प्राविधिक स्पेशिफिकेसन बमोजिम वारेन्ट समेत नभएको सम्बन्धमा पावर टिलरको वारेन्टी तथा उपयोगको सम्बन्धमा आवश्यक प्रमाण संलग्न राखि नियमित गर्नुपर्ने रु. | |
| ८२ | | | **शिर्षक फरकपारी खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले मल्टी च्यापकटर तथा साइलेज कटर मेशिन र सामग्री खरिद शिर्षकमा विनियोजित बजेटबाट वायो एग्रो कृषि फर्म र ज्योती कुटानी पिसानी पेलानी उद्योग (३०१६४९१३१) को टिनको छाना मर्मत वापत रु.३०००००/- अनुदान भुक्तानी दिएको देखियो । अनुदान पाउने संस्था छनौट सम्बन्धि सुचना, छनौटको आधार तथा मापदण्ड निर्धारण गरी संस्था छनौट गरेको प्रमाण संलग्न नराखी फरक खर्च शिर्षकबाट अनुदान भुक्तानी दिएको देखियो । अनुदान वितरण सम्बन्धि सुचना, संस्था छनौटको प्रमाण समेत संलग्न राखी शिर्षक फरक पारी भुक्तानी दिएको खर्च नियमित गर्नुपर्ने रु. | ३००,००० |
| ८३ | | | **स्थायी लेखानम्बरः**<br>सावजिनक खरद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले उपभोा सिमित वा लाभाही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनुपर्दा उपभोक्ता सिमित वा लाभाग्राहि समुदायलेआन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हनुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न उपभोक्ता सिमित मार्फत निर्माण कार्य गराई भुक्तानी खर्च लेखलेकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिसँग निर्माण कार्य गराउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८४</td><td></td><td></td><td>बढी व्ययभारः<br>सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५४ मा खरीद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सृजना भएमा भेरिएशन आदेश जारी गर्न सकिने ब्यवस्था छ । ठेक्का नं. ५-२०७५/७६ हुलाकी राजमार्ग केरौजा कैमी सडक निर्माण कार्यका निर्माण व्यवसायी महादेव खिम्ति साह जे.भी.सँग २१ अगस्त २०१९ मा सम्झौता रकम रु.८,६६,९७,५०९/८० मा २४ महिनामा सम्पन्न गर्नुपर्ने सम्झौता भएको देखियो । उक्त निर्माण कार्यको लागत अनुमान रु.१२६४९२७५२/८६ भन्दा ३१.४६% घटि रु.८,६६,९७,५०९/८० मा सम्झौता भएको निर्माण कार्यको लागत अनुमान तथा विस्तृत ड्रइङ्ग परिक्षण गर्दा डि.पि.आर. को आधारमा लागत अनुमान तयार नगरी सडकको स्थलगत अवस्था तथा बजेटको आधारमा तयार गरेको देखियो । उक्त सडक खण्डको वडा नं.६ बक्राहा होलि खण्डमा निर्माण भई सकेको बाटो बाढिले क्षति गरेकोले पानि निकासको लागि थप कल्भर्ट लगायतका आइटम थप गरी कार्यपालिका बाट २०७८/७/२९ मा रु.८०७८७२३/५४ (९.३२%) भेरिएशन स्वीकृत गरेको देखियो । भेरिएसन बाट थप हुने आइटम थप गरी रु.१३७१४६९६५/५८ लागत अनुमान तयार गरेकोमा शुरु सम्झौता अनुसार ३१.४६% घटी रु.९३९९९८५४/७२ मा नँया सम्झौता गर्नुपर्नेमा रु.९४७७६२३३।३४ मा सम्झौता गरी भुक्तानी दिएकोले कार्यालयलाई रु.७७६३७८/- बढी व्ययभार परेको रु.</td><td>७७६,३७८</td></tr>
<tr><td>८५</td><td></td><td></td><td>नक्सा पेश नगरेकोः<br>सार्वजनिक खरिद नियमाली २०६४ को नियम १२५ मा खरिद सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भएबमोजिमको एज विल्ट नक्सा पेश गर्नुपर्ने व्यवस्था छ । निम्न निर्माण व्यवसायीसँग भएको सम्झौताको दफा GCC 71.2 मा As built drawing पेश नगरेमा रु.१०००००/- रोक्का राखी भुक्तानी गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई अन्तिम बिल भुक्तानी गर्दा सम्झौताअनुसारको As built drawing पेश नगरेको अवस्थामा पनी सम्झौता बमोजिमको रकम रोक्का नगरी भुक्तानी गरेकोले सम्झौता अनुसार ड्रइङ्ग पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.<br>
<table>
<tr><td>ठेक्का नं.</td><td>निर्माण व्यवसायीको नाम</td><td>रोक्का राख्नुपर्ने रकम</td></tr>
<tr><td>१३-०७६/७७</td><td>गिताञ्जली जोशिला जे. भी.</td><td>१०००००/-</td></tr>
<tr><td>५-०७५/७६</td><td>महादेव खिम्ति साह जे.भी.</td><td>१०००००/-</td></tr>
</table></td><td>४००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१४-०७६/७७</td><td>अनीको बीर जे.भी.</td><td>१०००००/-</td></tr><tr><td>४-०७५/७६</td><td>जोशी / आर के जे भी</td><td>१०००००/-</td></tr><tr><td></td><td>जम्मा</td><td>४०००००/-</td></tr></table></td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>दोहोरो भुक्तानीः<br>ठेक्का नं. ४-२०७५ /७६ महेन्द्रको घर गैडग्रा सडक निर्माण कार्यका निर्माण व्यवसायी जोशी आर.के. जे.भी.सँग भएको सम्झौतामा निर्माण कार्यको भुक्तानी वास्तविक नाँपजाँचको आधारमा हुने उल्लेख छ । कार्यालयले निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धिकर समेत बीमा वापत रु.७५०२८/- प्रथम रनिङ्ग विलमा भुक्तानी दिईसकेकोमा पुनः दोस्रो रनिङ विलमा सोही बीमा रकम भुक्तानी दिई रु.७५०२८/- दोहोरो भुक्तानी दिएको देखियो । दोहोरो भुक्तानी दिएको बीमा रकम असुल गर्नुपर्ने रु.</td><td>७५,०२८</td></tr>
<tr><td>८७</td><td></td><td></td><td>बढी परिमाण भुक्तानीः<br>सडक विभागले तयार गरेको सडक निर्माणको स्पेसिफिकेसन २०७५ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखी ०.६ लिटर प्रयोग हुने उल्लेख छ । कार्यालयले ठेक्का नं. ४-०७५/७६ महेन्द्रको घर गैडग्रा सडक निर्माण कार्यको निर्माण व्यवसायी जोशी/ आर. के. जे. भी. लाई अन्तिम विल सम्म निम्नानुसार ०.६ लिटर प्रति वर्ग मिटर भन्दा बढी परिमाणको भुक्तानी दिएको देखियो । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.<table><tr><th>कार्य परिमाण</th><th>भुक्तानी दिएको ट्याककोट परिमाण (ली.)</th><th>भुक्तानी दिनुपर्ने ट्याककोट परिमाण (ली.)</th><th>बढी परिमाण (लि.)</th><th>दर</th><th>बढी भुक्तानी रकम (मू.अ. कर समेत)</th></tr><tr><td>११५१२.९८</td><td>११५१२.९८</td><td>६९०७.७९</td><td>४६०५.१९</td><td>६०</td><td>३१२२३२/-</td></tr></table></td><td>३१२,२३२</td></tr>
<tr><td>८८</td><td></td><td></td><td>टुक्रा खरिदः<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। कार्यालयले नगरपालिका कार्यालयको झ्याल, रेलिङ्ग, पार्टिशन जस्ता कार्यलाई एउटै प्याकेज तथा नगरपालिका अगाडीका बाटो,</td><td>४,२६३,४८४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नगरपालिका परिसरमा माटो तथा ग्राभेल गर्ने कार्यको एउटा प्याकेज बनाएर प्रतिस्पर्धात्मक विधि द्वारा खरिद गर्नुपर्नेमा रु.५ लाखसम्मको छुट्टा छुट्टै लागत अनुमान तयार गरी सोझै खरिद गरेको देखियो । ऐन तथा खरिद नियमावली वमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी सोझै खरिद गरि दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>कामको विवरण</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>नगरपालिका उत्तर तर्फको बाटो निर्माण</td><td>एन के कन्स्ट्रक्सन</td><td>४८६१९५/-</td></tr>
<tr><td>२</td><td>नगरपालिका दक्षिण तर्फको बाटो निर्माण</td><td>शिव निर्माण सेवा</td><td>४८२३७१/-</td></tr>
<tr><td>३</td><td>नगरपालिका दक्षिण तर्फको बाटो निर्माण</td><td>काबिल कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी</td><td>४८३६५८/-</td></tr>
<tr><td>४</td><td>नगरपालिका भवनको कम्पाउण्डमा माटो भर्ने कार्य</td><td>हिमालयन कन्स्ट्रक्सन</td><td>४७९०३८/-</td></tr>
<tr><td>५</td><td>नगरपालिका भवनको कम्पाउण्डमा सववेशको कार्य</td><td>एस एस निर्माण सेवा</td><td>३९९३२७/-</td></tr>
<tr><td>६</td><td>नगरपालिका भवनको कम्पाउण्डमा माटो तथा सव वेस भर्ने कार्य</td><td>विवेक कन्सट्रक्सन</td><td>४७७५३१/-</td></tr>
<tr><td>७</td><td>नगरपालिका भवनको अलमुनियम झ्यालको कार्य</td><td>खान विल्डर्स एण्ड सप्लायर्स प्रा ली</td><td>४७६५९१/-</td></tr>
<tr><td>८</td><td>नगरपालिका भवनको अलमुनियम झ्याल र रेलिङ्ग को कार्य</td><td>निकिता एण्ड राज कन्स्ट्रक्सन प्रा लि</td><td>४७७२९९/-</td></tr>
<tr><td>९</td><td>नगरपालिका भवनको रेलिङ्ग को कार्य</td><td>तेजस विल्डर्स</td><td>४८३४७४/-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४२६३४८४/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>८९</td><td></td><td></td><td>बि.ओ.क्यू. भन्दा बढी भुक्तानीः<br>ठेक्का नं. ०२- २०७६/०७७ वडा नं.३ कार्यालय भवन निर्माण कार्यका निर्माण व्यवसायी आकृती निर्माण सेवासँग भएको सम्झौतामा परिमाण सुचिमा भएको परिमाणको सम्झौता भएको दरमा भुक्तानी गर्ने उल्लेख छ। कार्यालयले प्रमुखबाट स्वीकृत भएको ५.३० प्रतिशत</td><td>६७५,७८२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भेरिएनबाट थप घट भई कायम भएको नँया सम्झौताको परिमाण भन्दा अन्तिम विल सम्म निम्नानुसार बढी भुक्तानि दिएको नियमित नदेखिएको रु.
<table>
<tr><th>Item no</th><th>विवरण</th><th>vo पछी सम्झौता परिमाण</th><th>भुक्तानी दिएको परिमाण</th><th>बढि परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>7</td><td>Brick work 1:4</td><td>41.91</td><td>54.55</td><td>12.64</td><td>12000</td><td>151680</td></tr>
<tr><td>10</td><td>RCC M20</td><td>98.42</td><td>100.88</td><td>2.46</td><td>16000</td><td>39360</td></tr>
<tr><td>11</td><td>Brick work 1:6</td><td>41.86</td><td>44.05</td><td>2.19</td><td>12000</td><td>26260</td></tr>
<tr><td>13</td><td>20mm plaster</td><td>1088.14</td><td>1224.72</td><td>136.58</td><td>500</td><td>68290</td></tr>
<tr><td>15</td><td>12.5mm thick plaster 1:2</td><td>15.93</td><td>23.63</td><td>7.7</td><td>5000</td><td>38500</td></tr>
<tr><td>17</td><td>Tile</td><td>32.91</td><td>35.65</td><td>2.74</td><td>5000</td><td>13700</td></tr>
<tr><td>21</td><td>Aluminum window</td><td>54.30</td><td>66.47</td><td>12.17</td><td>7000</td><td>85190</td></tr>
<tr><td>24</td><td>TMT reinforcement</td><td>13.07</td><td>13.47</td><td>0.4</td><td>120000</td><td>48000</td></tr>
<tr><td>25</td><td>Form work</td><td>533.36</td><td>714.87</td><td>181.51</td><td>700</td><td>127057</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>598037</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>मू.अ. कर समेत कुल जम्मा</td><td>675782</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९०</td><td></td><td></td><td>सोझै खरिदः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा दश लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने उल्लेख छ । कार्यालयले रु.१०९५६४०/- लागत अनुमानको विभिन्न साइजका ह्यूमपाइप पाथीभरा कंकृट इन्डस्ट्रिज</td><td>१,०८९,८८२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रा.ली.बाट सोझै खरिद गरी रु.१०८९८८२/- भुक्तानी दिएको देखियो । नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको सोझै खरिद गरि भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>कम अवधिको विमाः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको निर्माण कार्यको बीमा गराउनुपर्ने उल्लेख छ । कार्यालयले देहायका निर्माण व्यवसायीहरुलाई वीमा प्रिमियम वापत रकम भुक्तानी दिएकोमा निजहरुसँग भएको सम्झौता तथा खरिद नियमावलीमा उल्लेखित अवधि भन्दा कम अवधीको साथै सुरु सम्झौता अवधि समाप्त भएको अवधिको विमा प्रिमियम तिरेको विल संलग्न राखेको देखियो । सम्झौता तथा नियम भन्दा कम अवधिको विमा प्रिमियम रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>ठेक्का नं.</th><th>निर्माण व्यवसायिको नाम</th><th>सम्झौता अवधि</th><th>विमा लेख जारी मिति</th><th>विमा वापत भुक्तानी रकम</th><th>नपाउने वीमा प्रिमियम</th><th>कैफियत</th></tr>
<tr><td>१३-०७६/७७</td><td>गिताञ्जली जोशिला जे.भी.</td><td>२०७७।२।१५ - २०७८।२।१५</td><td>२०७८।३।२५</td><td>७६४१७/-</td><td>७६४१७/-</td><td></td></tr>
<tr><td>३-०७७/७८</td><td>अनुवार निर्माण सेवा</td><td>२०७७।११।३ - २०७८।७।२५</td><td>२०७८।१२।२४</td><td>२७७७२/-</td><td>२७७७२/-</td><td></td></tr>
<tr><td>१४-०७६/७७</td><td>अनीको बीर जे. भी.</td><td>२०७७।२।१५- २०७८।२।१५</td><td>२०७७।११।२६</td><td>१०९८७१/-</td><td>४८४५३/-</td><td>९ महिना ढिलो विमा गरेको ।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१५२६४२/-</td><td></td></tr>
</table></td><td>७६,२२५</td></tr>
<tr><td>९२</td><td></td><td></td><td>उपभोक्ता मार्फत सडक कालोपत्रेः<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि</td><td>१,३२१,९६५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउने उल्लेख छ । कार्यालयले २५५ मी. लम्बाई तथा ६ मी. चौडाई भएको सडक ३० एम एम पिच गर्ने कार्यको लागि शिवेश्वर मार्ग उपभोक्ता समितिसँग रु.२८५७५१७/- मा सम्झौता गरी यस वर्ष प्रथम रनिङ्ग विल रु.१३२१९६५/- भुक्तानी दिएको देखियो । लाभग्राही समुदाय सहभागि भई निर्माण कार्य गर्न नसक्ने कार्यकोलागि उपभोक्ता समिति गठनगरी निर्माण कार्य गराई भुक्तानि दिएको नियमित नदेखिएको रु. | |
| ९३ | | | **परामर्श सेवा खरिदः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९.१ (क) मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै फर्मबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्नानुसार डी.पी.आर.तयार वाह्य परामर्शदाताबाट गराएकोमा पालिकाको प्राविधिक जनशक्तिबाट उक्त कार्य गर्न नसकिने पुष्टि हुने आधार प्रमाण संलग्न राखेको देखिएन । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु र कार्यान्वयनमा गएको आयोजनाहरुको अभिलेख समेत राखेको देखिएन । कार्यालयको जनशक्तिबाट हुन नसक्ने कार्यकालागिमात्र परामर्श सेवा खरिद गर्ने साथै अध्ययन प्रतिवेदनको अभिलेख अद्यावधिक गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

| कार्य विवरण | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|
| बरगङ्गा पार्क डि.पि.आर. | गुरु इन्जिनियरिङ्ग एसोसिएट्स प्रा.ली. | ४९४०९२/- | |
| विभिन्न सडक(10.11km) डि.पि.आर. | पानोरमा रिसर्च सेन्टर प्रा.ली। | ७५२९६५/- | |
| ४ वटा सडकको डि.पि.आर. | सार्थक इन्जिनियरिङ्ग कन्सल्टेन्सी | १९७७५००/- | २१५४५२३०२/- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१३ वटा सडकको डि.पि.आर.</td><td>ग्रिनल्याण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>१६९५०००/-</td><td>३१८८१९००५/-</td></tr>
<tr><td>गान्धि आश्रम हाटबजार र वि पी सेवा केन्द्र डि.पि.आर.</td><td>जे बी इन्जिनियर्स प्रा लि</td><td>७८६४५९/-</td><td>२४४३९५७२८/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>९४</td><td></td><td></td><td>वृत्तचित्र निर्माणः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले सिंचाईको लागि विद्युतपोल गाड्ने र तार जडान शिर्षकमा विनियोजित बजेटबाट वडाको विकास निर्माण सम्बन्धि वृत्त चित्र निर्माणगरी सञ्चारकर्मी मिडिया प्रा.लि. मोरङ्गलाई रु.१०००००/- भुक्तानी दिएको देखियो । खर्च शिर्षक फरकपारी वडाको वृत्त चित्र निर्माण सम्बन्धमा वित्र चित्रमा समावेश गर्नुपर्ने क्षेत्र तथा गतिविधिहरु, प्रस्तुतिकरणको विधि लगायतको विषय समेटी संस्था छनौट गर्ने सन्दर्भमा कार्य क्षेत्रगत शर्त, निर्माण गरिने सामग्री प्रचार तथा प्रसार गरिने विधि, माध्यम केहीपनि उल्लेख नगरेको तथा प्रशारण गरेको प्रमाण समेत संलग्न राखेको नदेखिएकोले उक्त सामग्री तयारीको औचित्य पुष्टिहुने हुने गरी तयार भएको सामग्रि प्रचार प्रसार भएको प्रमाण समेत संलग्न राखि नियमित गर्नुपर्ने रु.</td><td>१००,०००</td></tr>
<tr><td>९५</td><td></td><td></td><td>ड्राइभिङ तालिमः<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गरी सो बमोजिम प्रस्ताव माँग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सिंचाईकोलागि विद्युतपोल गडाई र तार जडान शिर्षकबाट इन्द्रपुर ड्राइभिङ्ग सेन्टर, मोरङ्गलाई ड्राइभिङ्ग तालिम संचान गरे वापत रु.३०००००/- भुक्तानी दिएकोमा उक्त तालिमको आवश्यकता पहिचान, सहभागि छनौटको विधि, तालिम प्रदायक छनौट सम्बन्धमा कार्यक्षेत्रगत शर्त तयार नगरी सोझै संस्थासँग सम्झौता गरी तालिम संचालन गरेको र भुक्तानी दिएको देखियो । सहभागि छनौट प्रकृया, तालिममा सहभागिको अभिलेख, तालिम पश्चात सावरी चालक अनुमतिपत्र लिएको प्रमाण समेत संलग्न राखि फरक खर्च शिर्षकबाट दिएको भुक्तानी नियमित गर्नुपर्ने रु.</td><td>३००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९६ | | | **कार्यसम्पन्न प्रतिवेदनः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गाराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार निर्माण सामग्री खरिदगरी रु.४७,८२,३३८/- भुक्तानी खर्च लेखेकोमा उक्त प्रयोग भएको देखिने प्राविधक नापजाँच तथा कार्य सम्पन्न प्रतिवेदन संलग्न छैन । खरिद गरेको सामान वितरण भरपाईको आधारमा खर्च जनाएकोले प्रयोग भएको सम्बन्धमा प्राविधिक पुष्ट्याई समेत कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ रु. | २,८९५,९५२ |

| भौ. न./ मिति | खरिद विवरण | परिमाण | भुक्तानी रकम |
|---|---|---|---|
| ३६-०७८/८/७ | ९ मीटर पि एस सी विद्युत पोल | ३५ वटा | ३९१८२७/- |
| ४६-०७८/८/२३ | १९ थान ट्यूवेल सेट | १९ सेट | १२९८७५/- |
| ४७-०७८/८/२३ | ६० एम एम इन्टरलक | ३३१८ वर्ग फिट | ४९९८८२/- |
| ७६-०७८/९/२६ | सडक वत्ति खरिद | | २९९१८९/- |
| ८४-०७८/१०/०७ | ह्यूम पाइप | १७ वटा | १९६१७९/- |
| १५३-०७८/११/२२ | ८ मीटर पि एस सी विद्युत पोल | २२ वटा | २४४०१३/- |
| १५४-०७८/११/२२ | ह्यूम पाइप | ८ वटा | ९९९८२/- |
| १७३-०७८/११/२३ | १८ के जी ट्यूवेल सेट | ६८ सेट | ४९५२२७/- |
| ३४२-०७९/३/२५ | ९ मीटर पि एस सी विद्युत पोल | ४१ सेट | ४९५१५९/- |
| १४-०७८/६/२२ | २ एच पी मोटर | ४२ सेट | ४९००००/- |
| | | जम्मा | २८९५९५२/- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९७</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षणः<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले विगत वर्षहरुका निम्न बेरुजु संपरीक्षण तथा फस्यौंट गरी लगत कट्टाको लागि अनुरोध गरेकोमा अनुगमन गर्दा लगत कट्टा गर्न मनासिब देखिएको छ । पालिकाले लेखापरीक्षणको सम्बन्धमा फस्यौंट र फरफारक भएको तथा बाँकी रहेको बेरुजुको अभिलेख अद्यावधिक बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्यौंटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th>असुल गरि प्रमाण पेश</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td>२०७५/७६</td><td>९१</td><td>कार्यसम्पन्न प्रतिवेदन पेश नगरेको</td><td></td><td>प्रमाण पेश</td><td></td><td></td><td>३४०००००</td></tr>
<tr><td></td><td></td><td>श्री नजमिया बहुमुखी क्याम्पस रु.१६०००००।-</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>श्री आदर्श मा.वि. डाइनिया रु.१८०००००।-</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२०७६/७७</td><td>१०७</td><td>पेश्की बाँकी</td><td></td><td></td><td></td><td>फस्यौंट गरि प्रमाण पेश</td><td>३१५४६८०</td></tr>
<tr><td></td><td></td><td>रायमाझी हिमालयन जे भि</td><td></td><td>प्रमाण पेश</td><td></td><td></td><td></td></tr>
<tr><td>२०७७/७८</td><td>४५</td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यसम्पन्न पेश नभएको</td><td></td><td></td><td></td><td></td><td>३२०००००</td></tr>
<tr><td></td><td></td><td>श्री विरेन्द्र सार्वजनिक मा.वि. रु.१८०००००</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>श्री नजमिया बहुमुखी क्याम्पस रु.७०००००</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>श्री गजाधर मा.वि.रु.७०००००</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>९७५४६८०</td></tr>
</table>
</td><td></td></tr>
</table>